म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १२, अंक ३७ सोमबार २० भदौ २०७९ ने. सं. ११४२ ञलाथ्व 5 September, 2022 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**घर तथा फ्ल्याट भाडामा**

हेटौंडा-२ स्थित सिद्धार्थ स्कुल अगाडि रहेको साडे २ तल्ला घर भाडामा रहेको हुँदा अफिस, आवास तथा गोदामको लागि आवश्यक महानुभावहरुले

हेटौंडा-५, अब्बलडाँडामा रहेको १

हेटौंडा-५, पिप्ले रुद्रेश्वर मन्दिर नजिक रहेको २६ धुर जग्गा बिक्रीमा

सम्पर्क नं. ९८५११३२८७४

## उपमहानगरको सय दिनः

# महत्वका काम धेरै, प्रचार थोरै

साझाकुरा संवाददाता

हेटौंडा, १९ भदौ/गत ३० वैशाखमा भएको स्थानीय तह सदस्य निर्वाचनबाट हेटौंडा उपमहानगरपालिकामा निर्वाचित जनप्रतिनिधिहरुले एकसय दिनको प्रगति सार्वजनिक गरेका छन् ।

हेटौंडाकी मेयर मिना कुमारी लामा, उपमेयर राजेश बानियाँ र १९ वटै वडा अध्यक्षहरु निर्वाचित भएको एकसय दिनको प्रगति विवरण आइतबार पत्रकार सम्मेलन गरेर जानकारी गराइएको छ । उपमहानगरको प्रगति विवरण हेर्दा महत्वका काम धेरै, प्रचार थोरै भएको पाइएको छ । नगरबासीलाई निःशुल्क खानेपानी दिनेदेखि, विकटका नागरिकलाई स्वास्थ्य सेवा प्रदान गर्ने काम, नगरलाई हरियाली र सफा राख्ने कामले मेयर लामाले काममा जोड दिएको तर प्रचार नगरेको जनाइएको छ । अन्य नगरमा काम थोरै, प्रचार धेरै भइरहेको सन्दर्भमा नगरबासीबाटै आलोचना खेपिरहेका जनप्रतिनिधि अगाडि लामाले कामबाटै प्रशंसा बटुलेकी छन् ।

उपमहानगरपालिकाले एकसय दिनभित्र नगरबासीहरुको मौलिक हक अधिकारको पक्षमा धेरै काम गरेको जानकारी दिएको छ । जनप्रतिनिधिहरुले निर्वाचनको बेला नगरबासी समक्ष जनाएको प्रतिबद्धता पूरा गर्न प्राथमिकताका साथ काम गरिरहेको मेयर लामाले बताएकी छन् । उनले नगरभित्र खानेपानी निःशुल्क गर्नेदेखि सफा हेटौंडा अभियान चलाउँदै आएकी छन् । उपमहानगरपालिकाका प्रत्येक घर धुरिलाई १० हजार लिटर खानेपानी निशुल्क वितरणको लागि हेटौंडा खानेपानी बोर्डसँग सम्झौता गरेर कार्यान्वयनमा लगिएको मेयर लामाले बताइन् । उपमहानगरपालिका भित्र बसोबास गर्ने अति विपन्न १ हजार ५ सय ४१ परिवारलाई स्वास्थ्य बीमा गर्ने प्रक्रिया अगाडि बढइएको उनको भनाई छ ।

नगरभित्र ट्राफिक व्यवस्थापनको समस्या हटाउन तीन पांग्रे सवारीसाधहरुमा स्टिकर टाँस गर्ने कार्य सुरु भएको जनाइएको छ । उपमहानगरले हालसम्म ३ सय ३ वटा मयुरी र १ हजार १ सय २२ वटा अटोमा स्टिकर टाँस गरिसकेको छ । साथै, नगरमा ट्राफिक व्यवस्थापनको काम पनि भइरहेको मेयर लामाले बताइन् । उपमहानगरले नेपाल रेडक्रस सोसाईटीसँग सम्झौता गरी चालु आर्थिक वर्ष २०७९/०८० मा नगरबासीहरुलाई निःशुल्क रक्तसेवा सुरु गरिएको छ । उपमहानगरपालिकाका दुई स्थानहरु



हटिया स्वास्थ्य चौकी र पदमपोखरी स्वास्थ्य चौकीहरुलाई स्तर वृद्धि गरी आधारभूत अस्पतालको रुपमा संचालन गरी हाललाई ओपीडी, प्रयोगशाला र स्वास्थ्य बीमाको औषधि वितरण गर्ने प्रयोजनको लागि चिकित्सक भर्ना प्रक्रिया र बिमा सेवा अनुमती प्रकृया अगाडि बढाइएको मेयर लामाले जानकारी दिइन् ।

भूमि व्यवस्थापनको लागि जग्गा वर्गीकरण कार्यदल बनाई सबै वडाहरुमा छलफल भएर वडा समितिको सिफारिस समेतको आधारमा वडागत जग्गा बर्गीकरण प्रतिवेदन प्राप्त भपछि स्थानीय भू-उपयोग परिषद्मा पेश भएको जनाइएको छ । उपमहानगरपालिकाको विकट क्षेत्रमा बसोबास गर्ने स्वास्थ्य सेवाबाट बञ्चित समुदायलाई लक्षित गरी वडा नम्बर १५ को चिप्लेटीमा स्वास्थ्य संस्था संचालन प्रक्रिया अगाडि बढाइएको उपमहानगरले जानकारी दिएको छ ।

टोल विकास संस्थाहरुको अगुवाईमा प्रत्येक शनिवार वडा तथा बस्ति तहमा 'सफा हेटौंडा अभियान'संचालन सुरु गरी निरन्तर कार्यान्वयन भइरहेको उपमहानगर पालिकाको प्रवक्ता तथा हेटौंडा-१ का वडा अध्यक्ष सविन न्यौपानेले जानकारी दिए । सडक विस्तारको क्रममा सडकमा परेका विजुलीको पोल सार्नको लागि वडागत रुपमै तथ्यांक संकलन कार्य सकिएको जनाइएको छ । नेपाल विद्युत प्राधिकरणसँगको साझेदारीमा पोल व्यवस्थापन गर्ने कार्यको प्रक्रिया अगाडि बढाइएको प्रवक्ता न्यौपानेले बताए । दक्षिण एसियाली शहरहरुको फोरम सिटी नेटको सेप्टेम्बर २० देखि २३ सम्म मलेसियाको राजधानी क्वालालाम्पुरमा हुने नवौं सभामा सहभागी हुन उपमहानगरपालिकाको प्रतिनिधित्व सुनिश्चित भएको जनाइएको छ ।

हेटौंडा उपमहानगर पालिका वडा नम्बर ९ र १० मा पर्ने कर्रा पुलबाट पश्चिम तर्फको भागमा ग्रिन एण्ड ब्लू कन्सेप्ट मा आधारित पर्यटकीय पार्कसहितको ताल निर्माण गर्नको लागि डीपीआर तर्जुमा प्रक्रिया अगाडि बढाइएको प्रवक्ता न्यौपानेले जानकारी दिएका छन् । उपहानगरपालिकाको अभिभावकत्वमा स्नातक तहको अध्यायनको लागि इञ्जिनियरिङ कलेज स्थापनाको प्रक्रिया अगाडि बढाइएको उनले बताए । बसपार्क क्षेत्रमा सुविधा सम्पन्न व्यापारिक भवन निर्माण गर्न डीपीआर गर्ने कार्य अगाडि बढाइएको छ । हेटौंडा उपमहानगरपालिकाअन्तर्गत नक्सा पास नगरी वा सार्वजनिक जग्गा/सडक अतिक्रमण गरी मापदण्ड विपरित निर्माण गरिएका भौतिक संरचनाहरु हटाउने प्रयोजनको लागि सो सम्बन्धी लगत लिन कार्यदल गठन गरिएको उपमहानगरले जनाएको छ । हेटौंडा बसपार्क क्षेत्रमा रहेको तरकारी बजारलाई सम्बन्धित तरकारी व्यवसायी र हेटौंडा उपमहानगर पालिकाको लागत साझेदारीमा हेटौंडा-१ स्थित राप्ती नदी उकास क्षेत्रमा स्थानान्तरण गरिने भएको छ ।

## ग्यास बिक्रेता महासंघमा मकवानपुरका ३ जना

हेटौंडा, १९ भदौ/ मकवानपुरका तीन जना ग्यास बिक्रेता व्यवसायी नेपाल ग्यास बिक्रेता महासंघ बागमती प्रदेशमा निर्वाचित भएका छन् ।

मकवानपुरका व्यवसायीहरु विनोदमान श्रेष्ठ, केशव मुडभरी र मदन न्यौपाने प्रदेश समितिको पदाधिकारीमा चयन भएका हुन् ।

काठमाडौंमा भएको महासंघको दोस्रो अधिवेशन तथा चौथो वार्षिक साधारणसभाबाट महासंघका वरिष्ठ उपाध्यक्ष रहेका मकवानपुरका ग्यास व्यवसायी विनोदमान श्रेष्ठ अध्यक्षमा सर्वसम्मत चयन भएका छन् ।

मकवानपुरका ग्यास व्यवसायीहरु केशव मुडभरी महासंघको महासचिव र मदन न्यौपाने कोषाध्यक्षमा चयन भएका हुन् ।

अध्यक्षमा निर्वाचित भएका श्रेष्ठ मकवानपुर ग्यास व्यवसायी संघका निवर्तमान अध्यक्ष हुन् । प्रदेश महासचिव मुडभरी संघको बहालवाला जिल्ला सचिव र कोषाध्यक्ष न्यौपाने बहालवाला जिल्ला सहसचिवसमेत हुन् ।

महासंघका केन्द्रीय वरिष्ठ उपाध्यक्ष चन्द्रबहादुर थापाको प्रमुख आतिथ्यता तथा महासंघको बागमती प्रदेश अध्यक्ष राधिका महर्जनको सभाध्यक्षता अधिवेशन भएको थियो ।

**तथास्तु शपिङ्ग मार्केटको**

शटर पसल भाडामा उपलब्ध छ


**Booking Open Now !**

हेटौंडा-१०, मेनरोड (वाणिज्य बैंकसँगै र नेपाल बैंकको विपरित)

९८५१११२२२७, ९८५५०६७३०३, ९८५५०६७६४७

**विषेशताहरूः**

- आफ्नै पर्याप्त पार्किङ्ग सुविधा भएको ।
- सडक मापदण्ड (३१ मि.) पूरा भएको ।
- १० वर्ष सम्मको लिखित सम्झौता हुने ।
- २४ सै घण्टा सुरक्षा गार्ड रहेको ।
- निःशुल्क सार्वजनिक शौचालय भएको ।
- निःशुल्क इन्टरनेट सुविधा भएको ।
- सफा र फराकिलो पसल कौल भएको ।



**हार्दिक बधाई तथा शुभकामना**



राष्ट्रिय परीक्षा बोर्डले लिएको २०७८ सालको कक्षा १२ को वार्षिक परीक्षामा यस भुटनदेवी मा.वि. (प्राविधिक शिक्षालय)बाट सहभागी सिभिल इन्जिनियरिङ विषयमा ७३ जना विद्यार्थी मध्ये ३.६२ जीपीए सहित रोजन तिमल्सिना ए प्लास ग्रेडमा, राजबाबु जैसवाल, गोविन्द पराजुली, अनिष पाठक, आनन्द प्रसाद साह, अनिल कुमार दाहाल, सुमित्रा प्रजा, कविन घलान ए ग्रेडमा, ४४ जना विद्यार्थी बी प्लसमा, ८ जना विद्यार्थी बी ग्रेडमा गरी ६० जना विद्यार्थी उत्तीर्ण भई उत्कृष्ट नतीजा हासिल भएकोमा मिहिनेती सम्पूर्ण विद्यार्थी, सहयोगी शिक्षकमा हार्दिक बधाई ज्ञापन गर्दछौं । साथै कक्षा १२ उत्तीर्ण विद्यार्थीहरुको सुखद् उच्च शिक्षाका लागि शुभकामना व्यक्त गर्दछौं । ग्रेडवृद्धि परीक्षामा सहभागी हुन पाउने ११ जना विद्यार्थीलाई मौका परीक्षामा उत्कृष्ट नतीजा हासिल गर्न शुभकामना समेत व्यक्त गर्दछौं ।

माधवप्रसाद दाहाल
प्रधानाध्यापक

**एवम् भुटनदेवी मा.वि.(प्राविधिक शिक्षालय) परिवार**

हेटौंडा-४, मकवानपुर



साझाकुरा

## हाम्रो कुरा

# डेंगुबाट आफैं सतर्क बनौं

मकवानपुरमा डेंगु संक्रमणको ग्राफ उकालो लागिरेहेको छ । जिल्लाका १० स्थानीय तहमध्ये हेटौंडा उपमहानगरपालिकामा झनै संक्रमणको दर बढिरहेको छ । कोरोना महामारीले आक्रान्त बनाएको थोरै समय बित्न नपाई हेटौंडामा डेंगुले महामारीको रुप लिने शंका उत्पन्न भएको छ । एडिस जातिका एजिप्टाइ र अल्बोपिक्टस पोथी लामखुट्टेको टोकाइबाट भाइरल ज्वरोमध्ये एक डेंगु संक्रमण हुने गर्दछ । डेंगु लाग्दा ज्वरो आउने, आँखा रातो हुने र दुख्ने, टाउको, पेट, जोर्नी र मांसपेशी दुख्ने, आलस्य हुनेजस्ता डेंगुका सुरुवाती लक्षणहरु हुन् । यी लक्षण भएका बिरामीहरु हेटौंडामा दैनिक बढिरहेको तथ्यांक स्वास्थ्य कार्यालय मकवानपुर को छ । हेटौंडामा चालु आर्थिक वर्ष २०७९/०८० को एक महिना अवधिमा ५ सय ५८ संक्रमित देखिएको स्वास्थ्य कार्यालयले जनाएको छ । विगतको वर्षका तुलनामा पनि यसवर्ष हेटौंडामा डेंगुका बिरामी बढेका हुन् । हेटौंडामा आर्थिक वर्ष २०७८/०७९ मा जम्मा १ सय ९५ जनामा डेंगु संक्रमण देखिएका थिए । चालु आवको संक्रमण दर अनुसार हेटौंडा-४ मा २ सय २६ र वडा-५ मा ७६ जनामा डेंगु संक्रमण रहेको यसअघि तथ्यांक सार्वजनिक भएको थियो । डेंगुका बिरामी उपचारपछि निको भए पनि दोहोरिएर संक्रमण भएको तथ्यांक फेला परेको छ । जस कारण डेंगु संक्रमण तीव्र रुपमा फैलिएको पाउन सकिन्छ । यसकारण नगबासीहरु डेंगुबाट जोगिन सचेत हुनुपर्ने देखिएको छ ।

डेंगुका बिरामी देखापरेपछि विगतका दिनदेखि जनचेतनासँगै लार्भा नष्ट अभियानपनि सुरु भएका छन् । अभियानअन्तर्गत् डेंगु संक्रमण फैलाउने लामखुट्टेले सफा पानीमा फुल पार्ने तथा लार्भा बनाउने भएकाले सफा पानी जम्ने सवारी साधनका टायर, गमला, पानी जम्ने ठाउँ पहिचान गरी लामखुट्टे नष्ट गर्न स्प्रे गरिँदै आएको छ । जनचेतना समेत फैलाउन सूचना प्रभाव गर्ने कार्य गरिएको छ । शनिबार, आइतबार हेटौंडा ४ क्षेत्रका मोटर ग्यारेज तथा मोटरसाइकल मर्मत केन्द्रहरुमा रहेका प्रयोग नआउने टायरहरु नष्ट गरिएको छ । हेटौंडा उपमहानगरपालिका क्षेत्रमा फैलँदै गरेको डेंगु नियन्त्रणका लागि स्वास्थ्य कार्यालय मकवानपुरको समन्वयमा उपमहानगरको जनस्वास्थ्य शाखाले डेंगु फैलाउने लामखुट्टेको लार्भा नष्ट गर्ने अभियान चलाउन सुरु गरेको छ । अभियानलाई उपमहानगरले सबै वडामा वडाध्यक्षका नेतृत्व र स्वास्थ्यकर्मी सहित सरोकारवालाको अगुवाइमा सुरु गरेको हो । अभियानमा विभिन्न संघसंस्था, प्रहरी तथा युवाहरुले पनि सहभागिता जनाएका छन् । तर, सरकारी निकाय, प्रहरी र संघसंस्थाकै अभियानले मात्रै डेंगु नियन्त्रणमा आउँछ त ? यसका लागि सरकारी निकायसँगै सर्वसाधारणहरु पनि जिम्मेवार रुपमा प्रस्तुत हुनुपर्दछ । सरकारी निकायले जनचेतना र लार्भा नष्ट अभियान चलाएपछि डेंगुबाट बच्न सर्वसाधारणहरु नै गम्भिर हुनुपर्नेछ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

| मकवानपुर प्रहरी | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

| एम्बुलेन्स सेवा | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०७९ भदौ २१ गते मंगलबार ६ सेप्टेम्बर २०२२ । हरिपरिवर्तिनी एकादशी ब्रत । वलाथ्व ११४२ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : कीर्तिमानी काम सम्पादन हुनेछ | तुला | : सहयोगीहरुको साथ पाइनेछ |
| वृष | : प्रतिष्ठा कमाउने बेला छ | वृश्चिक | : कमजोरीको अनुभूति हुनेछ |
| मिथुन | : उपलब्धीमा समय लाग्नेछ | धनु | : कामको जिम्मेवारी बढ्नेछ |
| कर्कट | : योजना अधुरै रहनेछ | मकर | : आकस्मिक समस्याले सताउनेछ |
| सिंह | : प्रतिस्पर्धामा पछि परिनेछ | कुम्भ | : दौडधुप बढी गर्नु पर्नेछ |
| कन्या | : धेरै श्रम गर्नु पर्नेछ | मीन | : रोकिएको काम बन्न सक्नेछ |

# प्रदीप गिरी स्वर्गमा पुगेपछि...



कृष्णराज खनाल

बागमतीको किनारमा मेरो पञ्चभौतिक शरीर पाँचै तत्वमा विलीन हुँदै खरानी बनिरहेको थियो । त्यसबेला बिहानी हुँदै थियो । यमदूतहरु आएर मेरो भौतिक शरीर लिएर गए । यमराजको दरबारमा पुग्दा त्यहाँ चिसो हावा वहिरहेको थियो । विविध फूलका सुगन्धले त्यो स्थान स्वर्ग नै हो भन्ने लागिरहेको थियो । वातावरण निकै शान्त र स्निग्ध थियो ।आफ्ना स्थानबाट भर्खरै निस्केर चराहरुले मधुर स्वरमा गाएको गीत कानमा गुञ्जिरहेका थिए । प्रकृति समुद्रजस्तै शान्त थियो । हरियाली थियो । आकाशबाट पानीका ससाना बुँद तप्किरहेका थिए । सप्तरंगी इन्द्रेणीका धनुहरु यताउति दृश्यमान थियो ।

यस्तो शान्त वातावरण देखेपछि मनमा एकाएक यस्तो भाव जागृत भयो 'यमराज । किन मलाई यति ढिलो यहाँ ल्यायौ ? त्यो कोलाहलमय जिन्दगीबाट किन धेरै अघि ल्याएनौ ?' यमराजलाई निकै बेर सम्झें । तर के गर्नु ? मृत्युदेव यमराजको पनि विवशता होला । उनले पनि त चाहेर कहाँ हुन्छ र ? भावीको लेखन । यस्तै गमेर चित्त बुझाएँ । म पुगेपछि सर्वप्रथम मेरो पहिलो भेट महामानव वीपीसँग भयो । झण्डै चार दशक अघि हराएका वीपीसँग मेरो जम्काभेट भयो । वीपी मलाई लिन ढोकासम्म नै आउनुभएको थियो । मलाई विश्वास लागिरहेको थिएन, ती महामानव म जस्तो अकिञ्चनलाई लिन किन आउनुभयो भनेर । मृत्युशैय्यामा धेरैदिन छटपटाएकोले मेरो मृत्यु अपेक्षित भएको कारण होला, वीपीले मलाई पुष्पगुच्छा दिनुभयो । म लिउँ कि नलिउँ जस्तो दोधारमा थिएँ र भनें, 'मैले पो हजुरलाई दिनुपर्ने हो त । यो तुच्छ प्राणीलाई किन यत्रो सम्मान ?'

अनि वीपीले भन्नुभयो 'होइन होइन, यो तुच्छ वा महानको कुरा होइन । यो त परम्परा हो । हाम्रो संस्कृति हो । पहिला आउनेले पछि आउनेलाई स्वागत गर्ने । यी सबैलाई मैले नै स्वागत गरेर आफूसँगै राखेको छु ।'

अनि मैले उहाँले दिनुभएको फूल हातमा लिएँ । मेरो हात समाएर वीपीले भन्नुभयो, 'यो स्वर्गलोकमा तिमीलाई स्वागत छ ।' मैले धन्यवाद दिएँ । उहाँसँग परजुनीमा भेट होला भन्ने मैले कल्पना गरेको थिइन । तर भयो । विधिको लेखन । हात समाएर मलाई अर्को हलमा लैजानुभयो । त्यो हलमा पुग्दा म आश्चर्यमा पो परेँ । त्यहाँ मैले तन्नेरी वयमा देखेका अनुहार एकएक गर्दै देखा परे । त्यहाँ देखें, लौरी बोकेका लौह पुरुष गणेशमान, एउटा छाता र सुराहीबाट पानी सारेर खाँदै गरेका किसुनजी । अनि लहरैदेखें महेन्द्रनारायण निधि, बलबहादुर राई, भीमबहादुर तामाङ, शैलजा आचार्य, जगन्नाथ आचार्य, गिरिजा र सुशील कोइराला । अनि अर्को नजिकै जोडिएको कोठामा हुनुहुन्थ्यो मनमोहन अधिकारी, पुष्पलाल, मदन भण्डारी, जीवराज आश्रित र भरतमोहन अधिकारी ।

मैले मनमनै भनें 'ओहो, मैले यी महान् पुरुषलाई भेट्न पाएँ, ज्यादै खुसी लाग्यो । मन प्रफुल्लित र पुष्पित भयो । मेरो मन अतीततिर गयो । कस्ता कस्ता महान् प्रजातान्त्रिक नेताहरुले सिञ्चित मेरो देश अहिले कस्तो विद्रूप हालतमा छ, कस्तो गए गुज्रेको छ । के भएको होला ? कसरी यस्तो भयो ? किन भयो होला ? के एउटा कुशल नेताको अभाव हो ? मलाई देखेपछि अर्को कोठाका पाँचै भाइ पनि आए । मैले सबै परिचित अनुहारलाई एक एक गर्दै अभिवादन गरें । मलाई पालैपालो सबैले अंकमाल गरे । सबैभन्दा पहिले आउनुभयो, महेन्द्रनारायण निधि । उहाँले मलाई बिर्सनु भएको रहेछ । वीपीसँग सोध्नुभयो । वीपीले हाँस्दै भन्नुभयो, 'यिनी प्रदीप गिरि हुन् । मैले रोपेको प्रजातान्त्रिक समाजवादको बिरुवालाई मलजल गर्ने, व्याख्या गर्ने, चिन्तन गर्ने, आफ्ना लेखनमार्फत् जनचेतना जागृत गर्ने एक्ला वृहस्पति हुन् । यिनी मेरो सच्चा अनुयायी हुन् । यिनी किसुनजी जस्तै सदाचारी नेता हुन् । यिनका विशेष गुण र चरित्र छन्, जुन चरित्र हालका कुनै पनि नेतामा छैन । न त मेरा छोरामा नै त्यो चरित्र र गुण छ, न त गणेशमान र निधि पुत्रमा नै । अब यिनी पनि हाम्रै अल्मुनाइमा रहनेछन् ।

महामानवको यस्तो कुरा सुनेपछि मेरा हात पाउ आकाशमा उड्न थाले । स्वर्गमा मेरा खुट्टा रहेनन् । निधिले सम्झेजस्तो गरी भन्नुभयो 'हो त, मेरो स्मरणशक्ति क्षय भएको छ । तिमीलाई यो विद्वत सभामा स्वागत छ,' भन्दै मलाई अभिवादन गर्नुभयो । मैले स्वीकार गरें । त्यसपछि मलाई किसुनजी, गणेशमान, गिरिजा र सुशील कोइराला आएर आलिंगनमा बाँध्नुभयो । म निकैबेर उहाँहरुको आलिंगनमा रहें । मलाई न्यानो माया र आतिथ्यता पाएजस्तै भयो । किसुनजी र गणेशमानले गहभरि आँसु झार्दै भन्नुभयो, 'तिमीलाई यो नगरीमा स्वागत छ,' म प्रफुल्ल भएँ । मैले उहाँहरु दुवैसँग पार्टीको वैचारिक धारबाट निष्काशनमा परेको र आफू त्यसबखत असहाय बनेकोमा व्यक्तिगत तवरले माफी पनि मागें । मलाई गिरिजासँग बाँधिन मन थिएन । तर लोकाचारका लागि भए पनि बाँधिए र ममाथि उनले सन् १९७६ मा जे गरेका थिए, त्यसमा त मैले क्षमा दिइसकेको थिएँ । तर एक चौथाइ शताब्दी अगाडि उनले दुइ तिहाइ सरकारको आत्मप्रवञ्चनामा जे कर्तुत गरेका थिए, त्यतातिर मेरो मन गयो । तर पनि उनीप्रति घृणा सदा थियो र यसपटक पनि भयो । लाग्यो, त्यसो नभएको भए वीपीले सोचेजस्तो देशले कायापलट गर्दथ्यो कि ? वा किसुनजीले भनेजस्तो सिंगापुर हुन्थ्यो कि ? वा अरुण तेस्रो बनेको भए देशले पक्कै काँचुली फेर्दथ्यो कि जस्तो पनि लाग्यो ।

मेलै अतीततिरको यात्रा गर्दागर्दै सुशील कोइराला, बलबहादुर राई, शेख इद्रिस, भीमबहादुर तामाङ, शैलजा आचार्य र जगन्नाथ आचार्य मेरो छेउमै आएर मलाई झस्काए । म झसंग भएँ । यी सबै मेरा आदर्श पुरुष थिए । शैलजा मेरी आदर्श नारी थिइन् । देशको भ्रष्टाचारको जालो देख्ने र खेद्ने यी त्रिनेत्रधारी दुर्गा थिइन् । यी यस्ता नेताको सद्चरित्रता र सद्विचारले म पनि काँग्रेस भएर बसिरहेको थिएँ । यिनीहरुको अवसानसँगै काँग्रेसको अस्तित्व पनि मेटिँदै गएको आभास भइरहेको थियो । उनीहरु सबैले मलाई फूल र अविरले सिञ्चन गरे । मलाई बाल्यकालमा तराईमा होली खेलेको सम्झना ताजा भएर आयो । त्यसपछि भूआसनमा बसिरहेका मदन भण्डारी, पुष्पलाल, मनमोहन, जीवराज आश्रित र भरतमोहन अधिकारी फूलको सट्टा मुड्की उठाउँदै आउनुभयो र मलाई अभिवादन गिरिजी भन्नुभयो । क्षमकुशल सोध्नुभयो । मैले पनि मन्द मुस्कान छरें र अभिवादन स्वीकार गरें । सबैजना समान तरहले आआफ्नो भूआसनमा बसेपछि युगनायक, द्रष्टा वीपी उठ्नुभयो र मेरो चिनारी दिँदै भन्नुभयो 'आदरणीय समुदाय, जय नेपाल । तपाईंहरुले चिन्नुभएकै छ, गिरि मेरो विचारका संवाहक हुन् । उनी मैले रोजेको, मैले खाजेको र मैले चाहेको प्रजातान्त्रिक समाजवादको चिन्तनलाई सदैव बोकी हिँड्ने व्यक्ति हुन् । मलाई लाग्छ, नेपालमा अब व्यवहारिक रुपले त्यो सिद्धान्तलाई वा त्यो विचार लाई बोक्ने कोही व्यक्ति छैन । यसमा मलाई निकै दुःख लागेको छ । कहिलेकाँही त लाग्छ, मैले रोपेको त्यो महान् वृक्ष पालुवा नलाग्दै रुखबाट आफ्सेआफ उब्जिएका कीरा र जंगली कीराहरुका कारण मर्छ । अब म ढिला नगरी उहाँलाई त्यो देश र सरकारका बारेमा दुइ शब्द व्यक्त गरिदिन हार्दिक अनुरोध गर्दछु।

अनि म जुरुक्क उठें र भनें-

'श्रद्धेय नेतागण

मलाई यहाँ स्वागत गरेको देखी म पुलकित छु । मलाई थकथकी लागिरहेछ, म किन पहिले नै यो विद्वत सभामा आउन सकिन । मैले भन्नैपर्छ देश वर्वादीतिर गइरहेछ । मैले लाख कोशिस गरें, कसैले सुनेन । म एक्लो वृहस्पतिका रुपमा रहें । नेताहरु छिनाझपटीमा लागिरहेछन् । भ्रष्टाचार र सरकार एक अर्काका परिपूरक भएका छन् । चोर, फटाहा र ठगहरु फेरि पनि सत्ता हत्याउने दाउमा छन् । सरकार र देश आफ्ना छोराछोरीको वपौती ठानेर उनीहरुलाई नै अगाडि सारिरहेका छन् । आफन्त, नातागोता, ज्वाइँ, छोरी, भान्जाभान्जीलाई सत्ताको साँचो दिएका छन् । बृद्धभत्ता खाने उमेरका नेताहरु आफू आफू बाँडीचुँडी देशलाई जर्जर बनाइरहेका छन् । आगामी चुनावमा ठगबन्धनीय एकता गरेर सत्ताको साँचो आफै लिने दाउमा छन् ।कुनै दिन देश श्रीलंकाको बाटोमा गयो भने आश्चर्य नमान्दा हुन्छ । युवालाई खाडीमा धकेलिरहेछन् र आफू उनीहरुकै रेमिट्यान्सले सरकारी ढुकुटीमा रजाइँ गरिरहेका छन् । उद्योगधन्दा बन्द छ र जनताका दुःखका पहाड सगरमाथा उछिनेर केचनाकलनतिर झरिसकेका छन् । अब हामीले केही गर्नैपर्छ र एउटा सबल नेतालाई त्यो देशको साँचो दिन अबेला भइसकेको छ । अरु धेरै कुरा छन् भन्नुपर्ने तर भनिन । म थकित छु । अहिलेलाई यत्ति । पछि बात मारौंला ।*साभार:रातोपाटी*

# रित्तिएको पहाड, विरक्तिएका बासिन्दा



प्रकाश लामिछाने

देश संघीय राजनीतिक प्रणालीमा गएको वर्षौं बितिसक्दा पनि मानिस उँभोबाट उँधै झरिरहेका छन् । 'चार पढ्यो हलो छोड्यो, दश पढ्यो थलो छोड्यो' भन्ने उखानले अहिले हाम्रो ग्रामीण समाजको व्यथा बोलिरहेको छ । पहाडी क्षेत्रका ग्रामीण इलाकामा विद्यमान बसाइँसराइको प्रकोपले नेपालको समग्र आर्थिक, सामाजिक र राजनीतिक परिवेशमा प्रतिकूल प्रभाव पर्ने क्रम निरन्तर छ । जनताको घरदैलोसम्म सुशासन पुऱ्याउने संघीय शासन प्रणालीको आधारभूत मान्यताले अझै विश्वास जगाउन सकेको छैन । शिक्षा, स्वास्थ्य जस्ता मानिसका आधारभूत आवश्यकताहरू सेवा कम, व्यावसायिक बढी बन्दा मानिसको दैनिकीमा महँगीको मार थपिंदो छ । आफ्नो परिवारको पालनपोषण, शिक्षा, स्वास्थ्यको सुरक्षाका लागि पनि मानिस फैलिनुपर्ने बाध्यता बढ्दै गयो ।त्यसमाथि कर्तव्य विनाको अधिकार, उत्पादन विनाको वितरण, योग्यता विनाको आकांक्षामा समाजका अवयव अल्मलिंदा जनताको जीवनस्तरले अपेक्षाकृत गति समात्न सकेन । आज जीवन सहज बनाउने क्रममा पहाडबाट तराई झरेको मानिस त्यहाँबाट फिंजारिएर विश्वलाई गाउँ बनाएर बसेको छ । रोजगारीका लागि वैदेशिक रोजगारीको ढोका खुलेसँगै नेपालको युवा जनशक्तिको एक चौथाइ जनसंख्या यतिबेला परदेशमा छ । परिवारको रोजीरोटी चलाउन वैदेशिक रोजगारीमा हानिएका अधिकांश युवाले आफ्ना सन्तानको सुखद भविष्यका लागि गुणस्तरीय शिक्षामा सहज पहुँचको बाटो खोजेका छन् । अधिकांश मानिस शिक्षा, स्वास्थ्य र रोजगारीका लागि शहरमा झर्दै गर्दा पातलिएको गाउँबाट एकथरी मानिस भरोसाको खोजीमा शहरीकरणको बाटो रोज्न बाध्य छन् । गाउँमा 'न बाँच्दाको जन्ती, न मर्दाको मलामी' को अवस्था धेरैका लागि आफ्ना ठाउँ छोड्नुपर्ने सामाजिक कारण बन्दै आएको छ । नेपालको शासकीय व्यवस्थामा आएको परिवर्तनसँगै सुरु भएको भौतिक विकासको रफ्तारले गाउँगाउँमा सडक र बिजुलीबत्ती पुग्यो ।

जनशक्तिको अभाव कायम भए पनि अत्यावश्यक स्वास्थ्य उपचारको लागि सबै स्थानीय तहमा स्वास्थ्य केन्द्र बनेका छन् । देशका अधिकांश क्षेत्रमा इन्टरनेटको पहुँच पुगेको छ । यद्यपि गाउँबाट बसाइँसराइ एक प्रकारको संस्कृति जस्तै बनिरहेको छ ।फरक अनुभूति खोज्ने मानवीय इच्छा तथा सामाजिक प्रतिष्ठा हासिलको लागि शहर आउने थिति एकातिर मौलाइरहँदा अर्कोतर्फ कष्टकर जीवनशैली, भौगोलिक असहजता जस्ता केही जनजीवनमा देखिएका बाध्यात्मक परिस्थिति पनि यसका मूल कारण छन् ।परिणामस्वरुप बढी जनसंख्या भएका तराईका जिल्लामा निर्वाचन क्षेत्र बढ्दै जाने, हिमाल तथा पहाडमा खुम्चिने क्रम झन्झन् सघन बन्दै गएको छ । हाम्रोमा भर्खरै स्थानीय तहको निर्वाचन सम्पन्न भएको छ । नवीन सोच र ताजा उत्साहसहित जनप्रतिनिधिहरूले आफ्नो जिम्मेवारी सम्हालिसक्नुभएको छ । सुखी जीवन, स्वास्थ्य सुरक्षा, औसतस्तरको आम्दानी तथा प्राथमिक शिक्षा जस्ता सामान्य आवश्यकताको परिपूर्तिका लागि बजार झर्ने यो परिपाटी अब ग्रामीण विकासको नवीन दृष्टिकोण सहितको पृथक् प्रयासबाट रोक्न सकिन्छ ।

***ग्रामीण एकीकृत बस्तीको आवश्यकता***

गाउँमा हाम्रा पुर्खाले घाँस-पात र पानीको स्रोतको सहजताका आधारमा बसाएका सबै गाउँका बस्तीमा सरकारी सेवा, सुविधा र पूर्वाधार पुऱ्याउन भौगोलिक कठिनाई र आर्थिक रूपमा महँगो परिरहेको छ । सबै ठाउँका बस्ती उपयुक्त पूर्वाधारयुक्त छैनन् । भएका पनि यत्र-तत्र, सर्वत्र छरिएका छन् । आकस्मिक स्वास्थ्य समस्यादेखि विभिन्न असहजताले बसाइँसराइको बाध्यता आई गाउँ रित्तिने र शहर अव्यवस्थित तवरले भरिने समस्या देखिइरहेको छ । यसर्थ ग्रामीण भेगको सामाजिक सन्तुलन मिलाउन एकीकृत बस्ती निर्माणको आवश्यकता देखिन्छ । हामीले यो विषयमा समयमै नसोच्दा बसाइँसराइको विकराल अवस्थासँगै गाउँ तथा पहाडी भूगोलको अर्थतन्त्र नै धरापमा पर्ने देखिएको छ । जनताले आर्जेको धन सन्तान तथा आफ्नो भविष्यको लागि बचत तथा लगानी गर्दा उद्योगधन्दाको विकाससँगै राष्ट्र निर्माणको लागि जनपूँजी प्रयोग हुन्थ्यो । जीवनभर आर्जेको कमाई शहरी इलाकामा घर-घडेरी जस्ता अनुत्पादक क्षेत्रमा लगानी गर्दा जनताका दुःखका दिन कहिल्यै नसकिने अवस्थामा हाम्रो समाज आइपुगेको छ । झट्ट हेर्दा एकीकृत बस्ती निर्माण गर्न संरचना विकासमा ज्यादा पूँजी लाग्ने देखिए पनि ग्रामीण आवासीय संरचना निकै पुरानो भएकोले पुनःनिर्माण गर्ने समय भएको छ । अर्कोतर्फ स्थानीय भौतिक तथा मानवस्रोतको प्रयोग गर्दा सो निर्माण पूँजीले गाउँकै अर्थतन्त्र चलायमान बनाउँछ । साथसाथै बजारमै गएर घर बनाउने सबैको अन्तिम उद्देश्यमा विषय टुङ्गो लागिरहँदा सो रकम भन्दा यो लगानी निकै न्यून र कम बोझिलो हुन्छ । अबको नयाँ बस्ती भूगर्भशास्त्री तथा प्राविधिकले सिफारिस गरेको उपर्युक्त ठाउँसँगै हरेकको सामाजिक मूल्य कायम रहने सहज स्थानमा हुनुपर्छ । ग्रामीण बस्तीको जरो मुख्यतः ठूलो भूगोल जोड्ने सडकको आसपास अनि हालका पालिकाको वडा मुकाम वा सो आसपासका प्रशासनिक क्षेत्र वरिपरि भइरहँदा हाम्रा बस्तीहरू साँच्चिकै एकीकृत हुनेछन् । सुन्दर र मनोरम प्राकृतिक दृश्य देखिने स्थानमा सडकसँगै स्तरीय मापदण्डको घर निर्माण हुने खुल्ला अग्रभागसहित चर्पी तथा तरकारी र फलफूल बगैंचा निर्माण गर्न मिल्ने न्यूनतम जमिनसहित जनजीविका आवश्यकता पूरा हुने अतिरिक्त जग्गा प्रत्येक परिवारको लागि व्यवस्था गर्नुपर्ने देखिन्छ । बसोबास योग्य निजी जग्गा नै बस्ती स्थानान्तरण गर्ने मुख्य जग्गा हुनेछ ।

त्यसबाहेक अत्यावश्यक हुँदा कानुन बमोजिम अन्य निजी जग्गासँग साटफेर गरेर सार्वजनिक जग्गासमेत प्रयोग गर्नुपर्ने अवस्था आउन सक्छ । अब निर्माण हुने एकीकृत बस्ती सार्वजनिक यातायातसँग जोडिएको हुन्छ । स्वास्थ्य तथा शैक्षिक संस्थाको सहज र छरितो पहुँच हुन्छ । जनताको मुख्य पेशा बाहेकको सम्पूर्ण जनजीविका र गतिविधि अट्ने संरचना सँगै आध्यात्मिकस्थल तथा ध्यान केन्द्र, चौतारी, खेलमैदान, व्यायामस्थल, आकस्मिक हेलिप्याड, सामाजिक कर्मको लागि समाज, घर लगायतका सामाजिक संरचना निर्माणसँगै पर्यटकको लागि होमस्टेको प्रबन्ध गरिएको हुन्छ । हालसम्म स्थायी रूपले गाउँमै बसोबास गर्ने र भौगोलिक हिसाबले विकट स्थानीय भूगोलका घरहरू पहिलो चरणमा नै एकीकृत बस्तीमा स्थानान्तरण गर्नुपर्ने देखिएको छ । आर्थिक रूपले कमजोर तथा विपन्न परिवारलाई परिचयपत्रको आधारमा सरकारले जग्गा तथा आवासको बन्दोबस्त गरिदिनुपर्ने अवस्था आउन सक्छ । तर अन्य अवस्थामा प्रचलित खुल्ला बजार अवधारणा बमोजिम जग्गाको मूल्य निर्धारण हुनसक्छ । यद्यपि जुन अनैतिकता र विकृतिले शहरको जग्गाको मूल्य बढिरहेको छ, सोको प्रभाव गाउँको एकीकृत बस्तीमा पनि पर्न सक्ने भएकाले यसमा सबै पक्ष सजग हुनुपर्छ । अहिले नै पनि पूर्ण परिवार संख्या र लक्षित जनसंख्या सहितका बस्ती, भौगोलिक रूपले सहज ठाउँ तथा अन्य अन्य भूगोल जोड्ने सडक छेउछाउका कतिपय बस्ती हाम्रा गाउँहरूमा आफैंमा एकीकृत बस्तीका नमूना बस्ती हुनसक्छन् । यहाँ हामीले बुझ्नुपर्ने चुरो कुरा के छ भने एकीकृत बस्ती बाहेक अन्य बस्तीमा अत्यावश्यक तथा कृषिजन्यबाहेकका अन्य आवासीय सेवा-सुविधा पुऱ्याउन सरकार बाध्य नहुन सक्छ । भूकम्पपछि निर्माण भएका पछिल्ला नमूना बस्तीका जनतालाई पशुचौपाया पालन गर्ने स्थानको अभावले बसाइँ असहज भएपछि यो अवधारणा सफल हुँदैन भन्ने मनोविज्ञान सबैमा व्याप्त देखिन्छ । तर पौराणिक समयमा हाम्रा पुर्खाहरूले आफ्नो बस्ती आसपासमा स्रोत-साधनको अभाव भएर खेतीबाली तथा पशुपालनमा असहज हुँदा कृषिकर्म गर्ने जग्गामा धनसार तथा गोठ बनाएजस्तै हाम्रा पुराना बस्तीका घरहरूलाई जगेर्ना तथा विकास गर्दै 'फार्म हाउस' मा रूपान्तरण गरेर सो स्थानमा व्यावसायिक कृषि तथा पशुपालनसहित पर्यटन समेत प्रवर्द्धन गर्न सकिन्छ । अथवा ग्रामीण खेतीपाती वा पशुपालनलाई अबको हाम्रो जीवनमा दिनकटनीको माध्यम मात्र नबनाई गाउँको मुख्य पेशा निर्माण गर्दै आम्दानीको भर पर्दो स्रोत बनाउनुपर्छ ।

***ग्रामीण कृषि सुधार र आधुनिकीरण***

हाम्रो पहाडको जमिन अलिक संवेदनशील छ । भिरालो अनि बग्ने माटो, जग्गाको सीमित आकार तथा भौगोलिक कठिनाइ, सिंचाइको अभाव, अंशबण्डामा जग्गा खण्डीकरण हुनु, बाँदर लगायतका वन्यजन्तुले खेती मास्ने जस्ता कारणले चाहेको र आधुनिक व्यावसायिक खेती गर्न हामीलाई असहज भइरहेको छ । दोस्रो समस्या बजारको रहेको छ । उत्पादित सामग्री किनबेचको लागि राष्ट्रिय रूपमा हेर्दा यातायात र बजारको अभाव छ । अन्तर्राष्ट्रिय बजारको सवालमा पर्याप्त उत्पादन दिन नसक्दा खरिदकर्ताहरू किन्न इच्छुक हुँदैनन् । त्यसैले हामीले कृषिमा आधुनिकीकरण पश्चात् पनि जे उब्जाउँछौं, त्यो बेच्ने वा निर्यात गर्ने बजारलाई पुग्ने परिणाममा फलाउन, फुलाउन अपरिहार्य छ । यसर्थ कृषि सुधार तथा आधुनिकीकरण गरिरहँदा हामीले एउटा जिल्ला वा प्रदेशमा केही निश्चित उत्पादनको पकेट क्षेत्र मानेर एकीकृत खेती प्रणाली अपनाउनुपर्ने अवस्था आइसकेको छ । पहाडी जिल्लाको सवालमा जमिनको अवस्था हेरेर ३ खण्डमा जमिन वर्गीकरण गर्दै खेतीप्रणाली आधुनिकीकरण गरी ग्रामीण जनजीवनको पेशा तथा कृषि अर्थतन्त्र निर्माण गर्न सकिने यथेष्ट सम्भावना छ ।

खण्ड १- पहाडमा उब्जाउ तथा भौगोलिक हिसाबले उत्तम मानिएको खेतीयोग्य जमिन हो । यो जमिनमा आफ्नो स्रोत-साधनको सहजता तथा चाहनाबमोजिम जग्गा छुट्याई कृषक तथा समुदायले आत्मनिर्भरमुखी वा मुनाफामुखी खेती छनोट गर्न स्वतन्त्र हुन्छन् ।

(बाँकी पृष्ठ-३ मा...)

# हेटौंडाको मयेर लामा सिटिनेट अन्तराष्ट्रिय सम्मेलनमा सहभागि हुने




साझाकुरा संवाददाता

हेटौंडा, १९ भदौ/हेटौंडा उपमहानगरपालिकाको मेयर मिनाकुमारी लामा सिटिनेट अन्तराष्ट्रिय सम्मेलनमा सहभागि हुने भएकी छिन् ।

असोजको पहिलो साता मेलेसियाको राजधानीमा सिटिनेटको निर्वाचनसँगै नेतृत्व परिवर्तन हुने सम्मेलनमा मेयर लामा सहभागि हुने भएकी हुन् । देशका १६ नगर पालिका र ६ वटा सस्था सम्मिलित सिटिनेट नेपालको राष्ट्रिय बैठक आईतबार हेटौंडामा भएसँगै लामा उक्त सम्मेलनमा सहभागी हुने भएकि छन् ।

क्रियाशिल रहेको मानव बस्ति व्यवस्थापनको लागि स्थानिय निकायहरुको क्षेत्रीय सञ्जाल र एशिया प्रान्तमा दिगो विकासको लागि प्रतिवद्ध शहरी सरोकार वालाको सबै भन्दा ठुलो सस्थाको आउँदो असोजको पहिलो साता हुने अन्तराष्ट्रिय सम्मेलनमा सहभागि हुन पुर्व स्थानिय तहका प्रमुख तथा प्रतिनिधीहरुको बैठक हेटौंडामा भएको हो ।

दुइ दिन सञ्चालन भएको बैठकमा ४ महानगर, ३ उपमहानगर र ४ नगरपालिकाका प्रमुखहरु सहित प्रतिनिधी सहभागि थिए । सिटिनेटको नेपाल क्षेत्रको अध्यक्ष रहेको हेटौंडा उपमहानगर पालिकाका प्रमुख मिनाकुमारी लामाको अध्यक्षतामा भएको बैठकले सस्थालाई नेपालमा कृयाशिल बनाउँन सदस्यता बढाउँने सहित बिधानलाई समयानुकुल परिस्कृत गर्नका लागि तानसेन नगर पालिकालाई जिम्मेवारी दिएको छ ।

संस्थाको सचिब समेत रहेको तानसेन नगरपालिकाका प्रमुख सन्तोषलाल श्रेष्ठको नेतृत्वमा असोजमा मलेसियामा हुने अन्तराष्ट्रिय सम्मेलन पश्चात कार्य अघि बढाउँने र अर्को बैठक धनगढी नगरपालिकामा आयोजना हुने निर्णय गरेको छ ।

बैठकमा प्रमुख अतिथि रहेका ललितपुर महानगरपालिकाका प्रमुख तथा सिटिनेटका कार्यकारी सदस्य चिरबाबु महर्जन चुनावी प्रतिष्पर्धामा उत्रने घोषणा गरेका छन् । सिटिनेट सम्मेलनमा सहभागि हुनपुर्व ललितपुरले निर्वाचन प्रकृयामा सहभागि हुन उम्मेदवारी दर्ता गरीसकेको मेयर महर्जनले जानकारी दिए ।

# स्वतन्त्र पार्टीको नगर संयोजक न्यौपाने निलम्बन

साझाकुरा संवाददाता

हेटौंडा/राष्ट्रिय स्वतन्त्र पार्टीले हेटौँडा उपमहानगर पालिकाका संयोजक सन्तोष न्यौपानेलाई निलम्बन गरेको छ ।

सामजिक सञ्जाल फेसबुकबाट पार्टीको छबिलाई बिगारेको भन्दै उपमहानगर पालिकाका संयोजक न्यौपानेलाई निलम्बन गरेको हो ।

राष्ट्रिय स्वतन्त्र पार्टीका प्रवक्ता एवम् महामन्त्री डाक्टर मुकुन्द ढकालले परिपत्र गर्दै पार्टीको मुल सिद्धान्त, विचार, धारणा र नीति विपरित फेसबुकमा स्टाटस राखी पार्टीको छविलाई समेत बदनाम गर्ने काम गरेको भन्दै न्यौपानेलाई निलम्बन गरिएको जनाएका छन् ।

गत साउन २७ गते हेटौँडामा भएको बागमती प्रदेश भेलाले न्यौपानेलाई हेटौँडा उपमहानगरपालिकाको संयोजकमा चयन गरेको थियो । तर क्षेत्र नम्वर २ मा पार्टीले भरत पराजुलीलाई टिकट दिएपछि रुष्ट बनेका न्यौपानेले पार्टीको निति विपरित फेसबुकमा जथाभावी स्टाटस पोस्ट गर्न थालेपछि बाध्य भएर कारवाही गर्नुपरेको जिल्ला संयोजक राजकुमार न्यौपानेले बताए । न्यौपाने नगर संयोजक चयन भएको २१ दिनमा नै पदमुक्त भएका हुन् ।

# एनसीईं जिल्ला सञ्जाल मकवानपुरमा नयाँ कार्यसमिती चयन

साझाकुरा संवाददाता

हेटौंडा, १९ भदौ/ शिक्षाका लागि राष्ट्रिय अभियान (एनसीई) जिल्ला सञ्जाल मकवानपुरमा नयाँ कार्यसमिती चयन भएको छ ।

हेटौंडामा भएको पाँचौ जिल्ला भेलाले नयाँ कार्यसमिति चयन गरेको हो । भेलाले ग्रामिण असहाय बालबालिका सामुदायिक पुनर्स्थापना हेटौंडाका कार्यक्रम व्यवस्थापक केदार आचार्यलाई संयोजक तथा हिमराईट्स मकवानपुरकी कार्यक्रम संयोजक कुमारी वाईबालाई कोषाध्यक्षमा चयन गरेको छ ।

समितिको सदस्यहरुमा माईती नेपालकी माईती लामा र मन लामा, नारीसीप सृजना केन्द्रकी ज्योति बम्जन, नारी संरक्षण केन्द्रका राम मिजार, शान्ति फाउण्डेशनकी सीता गरुङ, मकवानपुर महिला समूहकी नीशा लामा, सिविन नेपालका झविन्द्र ज्ञवाली, बाल कल्याण समाजका कमल फुयाँल, पत्रकार अशोकसुजन श्रेष्ठ, मानबहादुर वाईबा लगायत रहेका छन् ।

साथै, एनसीई नेपालको भदौ २३ र २४ गते काठमाडौंमा हुने १३ औं बार्षिक सभा तथा सातौं अधिवेशनका लागि मकवानपुर प्रतिनिधीमा संयोजक आचार्य र कोषाध्यक्ष वाईबालाई तोकिएको छ ।

त्यसका साथै जिल्ला सभाले एनसीई जिल्ला सञ्जालको विकास तथा क्षेत्र विस्तार गर्दै सदस्यहरुलाई थप सकृय बनाउन आवश्यक रणनीति निर्माण गर्नका लागि शिक्षा क्षेत्रसँग सम्बन्धित व्यक्ति, संस्था तथा निकायलाई सञ्जालमा समावेश गर्ने निर्णय गरेको जनाइएको छ ।

# जग्गाको वर्गीकरण नहुँदा घर परिवार देखि राजस्व सङ्कलनमा समेत समस्या

काठमाडौं, (रासस)/ चालु आर्थिक वर्षको पहिलो महिना अर्थात् गत साउन महिनामा देशभरको घर जग्गाको कारोवारबाट रु दुई अर्ब ७३ करोड ७२ लाख ४१ हजार ५७ बराबर मात्रै राजस्व सङ्कलन भयो । उक्त महिनामा रु २० करोड १६ लाख ९७ हजार बराबरको सेवा कर सङ्कलन भयो । पूँजीगत लाभकर भने रु ७४ करोड ७२ लाख ८३ हजार छ सय ९२ बराबर मात्रै सङ्कलन भयो ।

आव २०७८/७९ को पहिलो महिनामा रु आठ अर्ब १३ करोड ४१ लाख ६१ हजार छ सय ९० बराबरको राजस्व सङ्कलन भएको थियो । उक्त महिनामा रु ३८ करोड ९९ लाख ७३ हजार चार सय तीन बराबर सेवा शुल्क उठाइएको थियो भने रु दुई अर्ब चार करोड ६० लाख ६३ हजार तीन सय ११ बराबरको पूँजीगत लाभकर उठाइएको थियो । अघिल्लो आवको तुलनामा चालु आवको पहिलो महिनाको विवरण हेर्दा असाध्यै कम राजस्व सङ्कलन भएको देखिन्छ । पुँजीगत लाभकर सङ्कलनमा पनि यस्तै अवस्था देखिएको छ । गत आवको तुलनामा चालु आवको पहिलो महिनामा घर जग्गाको कारोबारबाट उठ्ने राजस्वमा झण्डै ७५ प्रतिशत बराबरको गिरावट आएको छ ।

यसरी गिरावट आउनुमा गत जेठमा सरकारले जारी गरेको 'भूउपयोग नियमावली, २०७९' लाई पनि लिइएको छ । उक्त नियमावलीले जग्गाको वर्गीकरण नगरिकन बिक्री वितरणमा रोक लगाएको छ । नियमावलीले काठमाडौं उपत्यकामा पाँच सय वर्गमिटर र तराई र भित्री मधेसमा छ सय ७५ वर्गमिटरभन्दा कम जग्गाको कित्ताकाट गर्न नपाइने व्यवस्था गरेको छ । कृषि क्षेत्रका रुपमा तोकिएको जग्गामा वर्गीकरण वा कित्ताकाट गर्न कडाइ गरिएका कारण कारोबारमा मन्दी आएको देखिन्छ । भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयका प्रवक्ता जनकराज जोशीका अनुसार भूउपयोगको सम्बन्धमा आवश्यक निर्णय गर्ने अधिकार स्थानीय तहलाई नै दिइएकाले उनीहरुले नै शिघ्र काम सम्पन्न गर्नुपर्ने हुन्छ । स्थानीय तहले नै आफ्नो क्षेत्रभित्रको जग्गाको वर्गीकरण गरेर सम्बन्धित मालपोत तथा नापी कार्यालयलाई जानकारी गराएपछि कारोबारमा कुनै पनि समस्या नहुने उनको भनाइ थियो ।

कतिपय स्थानीय तहले भूउपयोग नियमावलीअनुसारको काम गरेपनि केहीले भने शुरु नै गरेका छैनन् । सरकारले आगामी मंसिर मसान्तसम्म त्यस अनुसारको काम सम्पन्न गर्न समयसीमा प्रदान गरेको छ । चन्द्रागिरि नगरपालिका-९ का वडाअध्यक्ष अच्यूत अधिकारीका अनुसार नगरपालिकाले भूउपयोग नियमावली अनुसार गर्नुपर्ने काम पूरा गरिसकेको छ ।

नगरकार्यपालिकाले आवश्यक निर्णय गरिसकेको जानकारी दिँदै उनले नगरपालिका भित्रका सबै जग्गालाई गैरकृषि क्षेत्रको रुपमा उल्लेख गरिदिन भनी माग भई आएकाले सोही अनुसार गरिएको बताए । सबै स्थानीय तहले तोकिएअनुसार भूमिको वर्गीकरण नगर्दा घर जग्गाको कारोबार गरेर गर्जो टार्न खोज्नेका लागि भने समस्या परेको छ ।

घर खर्च चलाउन, अंशवण्डा गर्न तथा विदेश जान चाहेनका लागि पनि समस्या परि सकेको छ । यसले गर्दा राजस्व सङ्कलनमा नकारात्मक असर परेको छ । तीमध्येका एक छन् नागार्जुन नगरपालिका-२ का रामबाबु शर्मा । उनले पैत्रिक सम्पत्तिमा अंशवण्डा गरेर बिक्री गर्न खोज्नु भएको थियो तर भूउपयोग नियमावलीअनुसार सबै जग्गाको वर्गीकरण नभइसकेकाले उनले आफ्नो काम गर्न पाएका छैनन् । जग्गाको वर्गीकरण नहुँदा मालपोत र नापी कार्यालयमा पनि सेवाग्राहीको चाप कम परेको छ । सेवाग्राही नै नभएपछि राजस्व सङ्कलनमा असर परेको उक्त कार्यालयले जनाएका छन् ।

सरकारले जग्गाको लिखत रजिस्ट्रेशन पारित भएको १०० वर्ष पुगेका अवसर पारेर नै भूउपयोग नियमावली सार्वजनिक गरेको थियो ।

भूमि प्रशासनसम्बन्धी सेवामा सुशासन अभिवृद्धि गर्दै भूमिको नाप जाँच तथा तथ्याङ्कलाई थप गुणस्तरीय र विश्वसनीय बनाउने, जग्गाको लगत र पुराना ऐतिहासिक अभिलेखको सुरक्षा तथा व्यवस्थापनलाई प्राथमिकताका साथ अगाडि बढाएको छ ।

# सय दिनको अवधिमा आशा जगाउने काम सुरु गरेको छु : प्रमुख साह



काठमाडौं, (रासस) / काठमाडौं महानगरपालिकाका प्रमुख बालेन साहले अफ्नो विगत एक सय दिनको अवधिमा नागरिकलाई आशा जगाउने कामको सुरुवात गरेको बताका छन् । महानगर प्रमुखको कार्यभार सम्हालेको एक सय दिन पुगेको स्मरण गर्दै आज प्रमुख साहले आफ्नो विगत सय दिनको कार्यकाल कस्तो रह्यो भन्ने बारेमा आफैँले मूल्याङ्कन गर्नेभन्दा पनि आम मानिसले कसरी हेर्नु भयो भन्ने बढी अर्थपूर्ण हुने बताए । अहिले सय दिनको दौडानमा रहे पनि आफूसँग पाँच वर्षका लागि योजना रहेको बताउँदै उनले अझै केही समय गाली र आलोचना मात्रै सहन तयार रहेको भन्दै हतार गरेर महानगरका समस्याको दीगो समाधान र व्यवस्थापनको बाटोबाट अन्यत्र मोडिन तयार नरहेको सुनाउनुभयो ।

अवैध संरचना हटाउने कामका कामपा निरन्तर लागिरहेको स्मरण गर्दै प्रमुख साहले भने, "जुन प्रयोजनका लागि उपयोग गर्ने निर्माण भएको छ त्यहीँ रुपमा प्रयोग हुनुपर्छ, हामीले चाहेको यति मात्रै हो, कुनै पनि सर्तमा यो नियम लागू गर्न हामी पछि हट्ने छैनौँ, फुटपाथ हटाएको सन्दर्भ वास्तविकतामा उभिएर समाधान खोज्दा जे गर्नु पर्थ्यो, त्यहीँ गर्‍यौँ, फुटपाथको आधारभूत निर्माण नै पैदलयात्रीका लागि हो, सहरको वास्तविक व्यवस्थापनका लागि फुटपाथ खुल्ला हुन पनि जरुरी हुन्छ, महानगरले पहिले फुटपाथका व्यापारीलाई अन्यत्र राखेर खुल्ला गर्ने कोसिस गरेको थियो, जुन पूर्णरुपमा असफल भयो ।"

फुटपाथ हटाएको प्रभाव बानेश्वर तथा असनलगायत क्षेत्रमा सकारात्मक रुपमा देखिन थालेको उनको भनाइ छ । ई-स्पोर्टसका लागि लागि रु एक करोड बजेट छुट्याइएको उनले बताए । यमबुद्धको सालिक बनाउने सन्दर्भमा उल्लेख गर्दै उनले भने, "समाजको एउटा पुस्ताको ठूलो सङ्ख्याले आफ्नो भविष्य र कलामा खोजी रहेको कुरालाई स्थापित गराउन बहस र छलफल गराउने विषय पनि सकारात्मक रहेको छ ।" मान्छे एउटै जीवनभित्र फरक फरक भूमिकामा हुने भन्दै उनले आफू सार्वजनिक व्यक्तित्व भएका कारणले समाजमा आफ्ना कार्यले पार्नसक्ने प्रभावका बारेमा भने सजग रहेको पनि बताए ।

फोहर व्यवस्थापनको सवालमा आशा गरे जति काम हुन नसके पनि झण्डै दुई दशकदेखि कुहिएर रहेको समस्यालाई सतहमा ल्याउन सफल भएको भन्दै प्रमुख सहाले त्यसबाट वास्तविक समस्याको पहिचान गरी दीगो समाधानका उपाय खोज्न सकिने बताए ।

# घट्दै जुटखेतीमा किसानको आकर्षण



इटहरी, (रासस)/ तराई/मधेश क्षेत्रको प्रमुख नगदे बालीका रूपमा लगाइने जुटखेती क्रमिकरूपमा घट्दै आएको छ । विशेष गरी सुनसरी, मोरङ र झापामा सबैभन्दा धेरै जुटखेती उत्पादन हुने गर्दछ । पछिल्लो समय जुटखेतीतर्फ किसानको आकर्षण भने घट्दै गइरहेको छ ।

लगानी अनुकूल प्रतिफल प्राप्त नहुनु, प्रशोधनको नयाँ प्रविधि नहुनु तथा मजदुर अभावका कारण उनीहरूको आकर्षण घट्दै गएको हो । झन्झटिलो प्रशोधन प्रक्रिया र मजदुर अभावका कारणले पनि जुटखेती क्रमिकरूपमा घट्दै गएको जनाइएको छ । जुटको मूल्य पनि खासै नपाइने र झन्झटिलो प्रशोधन प्रक्रिया, सिँचाइको असुविधालगायतका कारणले जुटखेतीको क्षेत्रफल घटाएको किसान बताउँछन् ।

कुनै समय जुटखेतीका लागि उर्वर मानिने सुनसरीको दक्षिणवर्ती सीमावर्ती क्षेत्र नरसिंह भोक्राहा गाउँपालिका, हरिनगर गाउँपालिकाको गौतमपुर, रामनगर भुटाहा, घुस्की, वसन्तपुर, कोसी गाउँपालिकाको पश्चिम कुशाहा, लौकही, श्रीपुर र हरिपुर क्षेत्रमा जुटखेती अहिले आधाभन्दा कम भइसकेको छ । त्यसैगरी देवानगञ्ज गाउँपालिकाको कप्तानगञ्ज, मध्यहर्षाही, राजगञ्ज सिनुवारी, साहेबगञ्ज, इनरुवा नगरपालिकाको बबिया र जल्पापुरलगायतका क्षेत्रका किसानले लगाउँदै आएका जुट (पटुवा) यस वर्ष आधाभन्दा कम छ । थोरै जग्गामा जुटखेती भए पनि मजदुरको अभावमा अहिलेसम्म जुट खेतमै सुक्ने अवस्था आएको स्थानीय किसान वीरेन्द्र यादवले बताए । उनले भने "स्थानीय सरकारले जुटखेती गर्नेका लागि राहत दिए धेरै खेती गर्ने थियौं, कहिले दिएन ।" सुनसरीका किसानले केही वर्ष अघिसम्म जुटबाट राम्रो आम्दानी गर्ने गर्थे । यतिबेला उनीहरू व्यावसायिकरूपमा जुटखेती गर्थे । तर अचेल भने दाउराका लागि मात्रै जुटखेती गर्ने गरेको कोसी गाउँपालिकाका किसान ललित यादवले बताए । उनी भन्छन् , "मेहेनत गरेर खेती लगाउने समयमा जन (मजदुर) पाउँदैन, दिनरात गरेर खेती लगायो काट्नेदेखि बिक्री गर्न समस्या हुन्छ ।"


आर्थिक वर्ष २०७५/७६ मा प्रदेश नं १ मा सात हजार दुई सय ८५ हेक्टर क्षेत्रफलमा जुटखेती गरिएको थियो । यसबाट १२ हजार नौ सय ५९ मेट्रिक टन जुट उत्पादन भएको थियो । आव २०७६/७७ मा जुटखेती सात हजार पाँच सय ५५ हेक्टर क्षेत्रफलमा लगाउँदा १० हजार एक सय ६५ मेट्रिक टन उत्पादन भएको थियो । त्यस्तै आव २०७७/७८ मा सात हजार चार सय १५ हेक्टर क्षेत्रफलमा जुटखेती गरिएको थियो । पछिल्लो केही वर्षयता जुटखेती क्रमिकरूपमा घट्दै गएको जुट अनुसन्धान केन्द्र इटहरीका प्रमुख तीर्थराज रिजालले बताए। उनले नगदे बाली भए पनि खेती गर्ने प्रविधि झन्झटिलो भएकाले हरेक वर्ष घट्दै गएको जानकारी दिए ।

नेपालमा उत्पादित कच्चा जुट भारत र बङ्गलादेशमा समेत निर्यात गरिन्थ्यो । पछिल्लो समय भने नेपालमा रहेका उद्योगलाई धान्न नसकेर उद्योग बन्द भएका छन् । यसरी उद्योग बन्द हुँदा यसको प्रत्यक्ष असर सरकारलाई पर्ने गर्दछ । तसर्थ जुट किसानलाई प्रोत्साहन गर्ने विभिन्न प्रकारको कार्यक्रम तीनै तहको सरकारले ल्याउन आवश्यक देखिन्छ ।

# रित्तिएको पहाड....

यसखण्डको जग्गा छनोट गरी खेती गर्नै क्रममा जनताको श्रम खेर नजाने तथा भोलि जग्गा बाँझो नरहने तबरले उनीहरूको छनोट स्वतन्त्रतालाई राज्यले अवलोकन तथा मूल्यांकन गर्नुपर्ने हुन्छ । अधिकांश मानिस शिक्षा, स्वास्थ्य र रोजगारीका लागि शहरमा झर्दै गर्दा पातलिएको गाउँबाट एकथरी मानिस भरोसाको खोजीमा शहरीकरणको बाटो रोज्न बाध्य छन् । गाउँमा 'न बाँच्दाको जन्ती, नमर्दाको मलामी' को अवस्था धेरैका लागि आफ्नो ठाउँ छोड्नुपर्ने सामाजिक कारण बन्दै आएको छ । खण्ड-२ व्यावसायिक पशुपालनसँगै 'हर्ब्स एण्ड स्पाइसेस् फार्मिङ्ग' पहाडी ग्रामीण कृषि अर्थतन्त्र अर्को आधार हो । यो खण्डमा बाँदर लगायत वन्यजन्तुले हानि नपुर्‍याउने, नियमित रेखदेख कम गर्दा पनि हुने र तुरुन्त बजारमा नपुग्दा पनि नकुहिने जडीबुटी तथा घरायसी मर मसलाहरू जस्तै कागती, बेसार, अदुवा, खुर्सानी, अलैंची इत्यादि उब्जाउन सकिन्छ । यस खण्डको जग्गा वर्गीकरणमा राज्य तथा जनता दुवै सन्तुलित रूपले चलाख हुनुपर्नेछ किनकि यो खण्डले हाम्रो आन्तरिक बजारलाई पुर्‍याउने र निर्यातसम्म गर्न सक्ने आकारको कृषि विकास गर्नुपर्ने हुन्छ । खण्ड ३-खरबारी, निजी वनजङ्गल लगायतको खण्ड १ र २ बाहेकको बाँकी सम्पूर्ण जग्गा खण्ड ३ मा रहनेछ । सरकारले अन्तर्राष्ट्रिय बजारमा निर्यात गर्ने योजना बनाएको कच्चा सामग्री उत्पादन हुने गरी यो जग्गामा खेती प्रणाली विकास गरिनेछ । प्राकृतिक रूपमा आफैं हुर्कने र मानवीय श्रम कम हुने खेती छनोट गरिनेछ । सो खेती समग्र जिल्ला वा प्रदेशभर नै एकै प्रकारको हुन सक्छ किनकि थोरै उत्पादनले अन्तर्राष्ट्रिय बजारको माग पुर्‍याउन सम्भव छैन । अनि पहाडको ग्रामीण कृषि अर्थतन्त्रको अर्को आधार पशुपालन नै हुने भएकोले घाँस उत्पादन हुने खेती छनोट गर्नुपर्ने पनि हुन्छ । खण्ड ३ को सवालमा बाँसखेती उत्तम विकल्प हो । बाँसबाट घाँस उत्पादन हुन्छ । टुसा तथा तामा तरकारीको रूपमा बेच्न सकिन्छ । बाँसबाट विभिन्न फर्निचर बन्छन् । बाँसबाटै गुणस्तरीय कागज बनाउन सकिन्छ । विभिन्न पार्टेशन स्लाब, प्लाइबोर्ड तथा निर्माण सामग्री उत्पादन हुन्छ । मेशिनमा पेलेर उच्च घनत्वको काठ पनि उत्पादन हुन्छ । चिनियाँहरूले बाँसको चपस्टिकबाट खाना खानु सोखको विषय मान्छन् । चीनका दुई वटा प्रदेशको मागलाई मात्र धान्ने गरी चपस्टिक उत्पादन गरी उत्तरी नाकाबाट खाली फर्किने कन्टेनरहरूमा सस्तो ढुवानीमा निर्यात गर्न सकियो भने हामीलाई अरू बजार चाहिंदैन । बाँसबाट बन्ने विभिन्न सामान उत्पादनको लागि घरेलु सीपको प्रयोगसँगै ठूला उद्योग स्थापना हुँदा कृषि मुनाफासँगै रोजगारी पनि सिर्जना गर्न हुन्छ । यसका लागि निजी लगानी, राज्यको अनुदान, विभिन्न बैंकहरूको सहुलियत ऋण, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दातृनिकाय वित्तीय स्रोतका आधार हुन् । यसबाट स्वदेशी जनशक्ति जसले वैदेशिक रोजगारीमा सस्तो श्रममा जाने प्रथा घटाउँछ । तर आफ्नै ठाउँमा काम गर्न लाज मान्ने नेपालीको मनोविज्ञान नहटेमा पूर्वको मान्छे पश्चिम र पश्चिमलाई पूर्व लगेर काम गर्ने वातावरण बनाउनुपर्ने हुनसक्छ । स्वदेशी श्रमिकले नपुगेमा भारतको बिहार तथा बंगलादेशबाट श्रमशक्ति झिकाउन सकिन्छ । यस्ता अवधारणाहरूको सफलताको लागि सरकारले राष्ट्रिय कार्यक्रम निर्माण गरी आम अभियानको घोषणा गर्दै जनताको निजी जग्गाको उचित विकास गरिदिनुपर्छ । ग्रामीण कृषि पूर्वाधारको निर्माण थालनी गर्ने, उन्नत बीउ आयात गरी नर्सरी विकासमा सहायता गर्ने, किसान उत्प्रेरणामा जोड दिने, मुनाफा हुने बजारको खोजी गरी बजारीकरण गर्ने, उत्पादनको मूल्य निर्धारण गर्ने, मल तथा प्रविधिको विकासमा केन्द्रित हुने, कृषि अर्थतन्त्रको हिसाबकिताब राख्ने, आफ्न स्रोतसाधन, उपलब्धि, अवसरहरूको स्पष्ट तथ्यांक उतार्ने अनि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय निकायसँग किसानको सहकार्य विकास गराउने जस्ता कार्यहरूलाई सरकारले आफ्नो मूल कर्तव्य सम्झनुपर्छ । शिक्षामा आमूल सुधार र सहज पहुँच प्राथमिक शिक्षाको खोजीमै रुमल्लिएर नाभी गाडिएको थलो छोडेका मानिसलाई त्यहीं अड्याउन गुणस्तरीय शिक्षा पहिलो र अन्तिम कसी हो । यसका लागि राजनीतिक नेतृत्वले राजनीतिबाट शिक्षालाई स्वतन्त्र छोडिदिनुपर्छ । नीतिमध्येको सबैभन्दा उच्चकोटिको नीतिमा राजनीति पर्छ । गुणस्तरीय शिक्षाबाट आभूषित जनशक्ति राजनीतिमा आए त्यसको मर्यादा अझ माथि उठ्नेमा शंका छैन । दलहरू प्रतिबन्धित रहेको अवस्थामा उनीहरूको राजनीतिक विरासत शिक्षकहरूले धानिदिने इतिहासका कारण पनि नेताहरूले शिक्षकलाई दलीय राजनीतिको मेरुदण्ड मान्ने गरेका छन् । अझ रोचक त के छ भने अधिकांश मूलधारका राजनीतिक दलका नेताहरूको पृष्ठभूमि शिक्षकबाटै आरम्भ भएको पाइन्छ ।नेपालको परम्परागत शिक्षा पद्धति त्यसमाथि र ाजनीतिले गाँजिएका सामुदायिक/सरकारी विद्यालयको अकर्मण्यताका कारण गाउँघरको शिक्षाको स्तर आज कल्पना गर्नै नसक्ने अवस्था छ । *अनलाइनखबर*

# फिल्म 'सम्हालिन्छ कहिले मन'को 'मेरो मन मुटु' गीत सार्वजनिक



शुक्रबारदेखि प्रदर्शनमा आएको फिल्म 'सम्हालिन्छ कहिले मन'को 'मेरो मन मुटु' बोलको गीत सार्वजनिक भएको छ।आइबार सोनम तोप्देन र दीपा लामाको स्वर रहेको गीत सार्वजनिक गरिएको हो। डा. कृष्णहरी बरालको शब्द रहेको गीतमा अर्जुन पोखरेलले संगीत भरेका छन्। गीतको भिडिओमा पूजा शर्मा, आकाश श्रेष्ठ र सोनम तोप्देनलाई देख्न सकिन्छ।सुगम पोखरेलको 'सम्हालिन्छ कहिले मन' गीतको नाम सापटी लिँदै यो फिल्म बनाइएको हो। सुदर्शन थापाले निर्देशन गरेको फिल्ममा पूजा, आकाश र सोनमसँगै सरोज खनाल, धिरेन शाक्य, गौरी मल्ललगायत कलाकारको अभिनय छ। गायक सोनम तोप्देनले यही फिल्मबाट अभिनयमा डेब्यू गर्दैछन्। उनी बलिउडका चर्चित गीतको कभर संस्करणमा रूचाइएका गायक हुन्।

एबी इन्टरनेसनलको ब्यानरमा निर्माण भएको फिल्मका निर्माता अमित बस्नेत, परी राना र अजितकुमार थापा छन्। फिल्मको कथा महेश दवाडीले तयार पारेका हुन्।सौरभ लामाले छायांकन गरेको फिल्मलाई अर्जुन जिसीले सम्पादन गरेका छन्।*साभार:सेतोपाटी*


## आवश्यकता

यस साझाकुरा राष्ट्रिय दैनिकका लागि निम्न अनुसार अनुभवी, सक्रिय र इमान्दार कर्मचारी आवश्यक भएकोले इच्छुक योग्यता पुगेका नेपाली नागरिकले निम्न ठेगानामा आवश्यक कागजातसहित सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

पद : मार्केटिङ म्यानेजर
योग्यता : कक्षा १२ उत्तीर्ण
कामको समय: बिहान ११:०० बजेदेखि साँझ ७:०० बजेसम्म ।
अनुभव : कम्तिमा १ वर्ष पत्रपत्रिकाको मार्केटिङसम्बन्धी ज्ञान ।
: मोटरसाइकल चलाउन जान्ने, लाइसेन्स भएको
तलब : आपसी समझदारीमा तय गरिने ।

साझाकुरा
साझाकुरा
www.sajhakuranews.com
हेटौंडा-१, साझाचोक, चौकीटोल
०५७-५२११९५, sajhakura@gmail.com

# कांग्रेसबाट प्रतिनिधिसभामा डीनासहित चार जना सिफारिस



साझाकुरा संवाददाता

हेटौंडा, १९ भदौ/ नेपाली कांग्रेस मकवानपुरले जिल्लास्थित दुई प्रतिनिधिसभा क्षेत्रका लागि चार जनाको नाम सिफारिस गरेको छ ।

आगामी ४ मंसिरमा हुने निर्वाचनका लागि कांग्रेसले प्रतिनिधिसभा १ र २ नम्बर क्षेत्रका लागि पार्टी सहमहामन्त्री महालक्ष्मी उपाध्याय (डीना)सहित चार जनाको नाम सिफारिस गरेको हो । सिफारिस हुनेमा डीनासहित कांग्रेस बागमती प्रदेश सभापति इन्द्रबहादुर बानियाँ, पार्टी जिल्ला पूर्वसभापति रामचन्द्र अर्याल माइकल र नेता जयराम लामिछाने छन् । जिल्ला स्थित कांग्रेस प्रतिनिधिसभा क्षेत्रीय समितिहरुले यसअघि जिल्ला समितिमा चार जनाको नाम पठाएका थिए । जसमध्ये प्रतिनिधिसभा क्षेत्र नम्बर २ बाट डीनाको एकल नाम सिफारिस भएको थियो । डीनाको नाम १ नम्बर क्षेत्रबाट पनि सिफारिस भएर आएको थियो ।

डीनाले प्रतिनिधिसभा क्षेत्र नम्बर १ बाट निर्वाचन लड्ने तयारी गरिरहेकी छन् । बानियाँ, माइकल र लामिछानेको नाम प्रतिनिधिसभा क्षेत्र नम्बर १ बाट जिल्ला समितिमा सिफारिस गरिएको थियो । कांग्रेस मकवानपुरको बैठकले आइतबार चार जनाको नाम माथिल्लो समितिमा सिफारिस गरेको जिल्ला सचिव भिमसेन महतले जानकारी दिए । यस पटक क्षेत्र तोकेर भन्दा पनि गठबन्धनको भागवण्डामा आउने कम्तिमा एक क्षेत्रमा चारजना नेताहरुको नाम सिफारिस गरेको महतले बताए । दुवै क्षेत्र कांग्रेसले पाएको अवस्थामा वा एक क्षेत्र मात्र पाएको अवस्थामा सिफारिस भएको मध्येका नेताहरुलाई उम्मेदवार बनाउन केन्द्रलाई आग्रह गरिएको उनको भनाई छ ।

बानियाँको नाम प्रदेश निर्वाचनका लागि प्रदेश २ को (ख)बाट पनि सिफारिस भएको छ । गठबन्धनमा भागबण्डा मिलाउँदा एउटा मात्रै प्रतिनिधिसभा पाउने सम्भावनालाई मध्यनजर गर्दै बानियाँले प्रदेश निर्वाचन लड्ने तयारीअनुसार प्रदेश २ को (ख)बाट नाम सिफारिस गराएका हुन् ।

गठबन्धनमा भागबण्डा लगाउँदा कांग्रेसको भागमा पर्ने प्रतिनिधिसभामा डीनाले निर्वाचन लड्ने सम्भावना बलियो छ । गठबन्धनबाट २ नम्बर क्षेत्रमा नेकपा (एकीकृत समाजवादी)का स्थायी कमिटी सदस्य तथा पूर्वस्वास्थ्य तथा जनसंख्या मन्त्री विरोध खतिवडाको सम्भावना बलियो छ ।

# जिल्ला प्रहरी नजिक चोरको आतंक

साझाकुरा संवाददाता

हेटौंडा, १९ भदौ/ जिल्ला प्रहरी कार्यालय मकवानपुर नजिकै चोरको आतंक मच्चिएको छ । हेटौंडा-१, स्थित प्रहरी कार्यालयबाट पूर्वतर्फ राप्ति पुलसम्म चोरले आतंक मच्चाएको हो ।

स्थानीय गोपी रावलले चोरका कारण राति राम्रोसँग सुत्नसमेत नपाएको गुनासो गरेका छन् । पूर्व-पश्चिम राजमार्गसँग जोडिएको 'किलोमिटर गेट' अगाडि राखिएका सवारीसाधनका ब्याट्रीदेखि गाडिभित्र राखिएको मोबाइल चोरी भएको छ । विगत डेढ महिनाको अवधिभित्र ना ६ ख ६८३१ नम्बरको मालबाहक ट्रकबाट ब्याट्री चोरी भएको स्थानीय रावलले बताएका छन् । उनका अनुसार केही दिनअघि प्रदेश-२०-०३-००१ ख ६६०६ नम्बरको टंयाकीबाट चोरले चालकको मोबाइल चोरेका थिए । रावलका अनुसार स्थानीय भिम जोशीको मयुरीबाट करिब ७० हजार मुल्य बराबरको ४ वटा ब्याट्री चोरी भएको छ । मयुरी चलाएर गुजारा टार्ने जोशीले ब्याट्री चोरी भएपछि ऋण गरेर पुन: ब्याट्री किनेर मयुरी चलाएको रावलले बताए ।






पटक-पटक घर अगाडि पार्किङ गरी राखेका सवारीसाधनबाट चोरी भइरहेको घटनाले कुनै दिन घर वा पसलका सटरमै चोरी हुने त्रासमा स्थानीयहरु रहेको रावले गुनासो गरेका छन् । जिल्ला प्रहरी कार्यालय मकवानपुरले नजिकैको चोरी घटनामा संलग्नलाई हालसम्म पक्राउ गर्न सकेको छैन् । रावलले घटना बारे जानकारी गराउँदै दोषिलाई कारबाही गर्न माग गर्दा राप्ति पुल नजिक र प्रहरी कार्यालय अगाडिको दुई वटा सिसि क्यामेरा बिग्रिएको भन्दै प्रहरी पन्छिएको आरोप लगाए । उपमहानगरपालिकाले सिसि क्यामेरा मर्मत नगर्दा स्थानीय त्रासमा परेका छन् ।

साझाकुराले घटना बारे बुझ्न खोज्दा मकवानपुर प्रहरीका प्रवक्ता प्रहरी नायव उपरीक्षक टेकबहादुर कार्कीका पिएसोले फोन उठाएका थिए । साझाकुराले घटना बारे जवाफ माग्दा पिएसोले भने, 'डिएसपी साहेक अर्को फोनमा व्यस्त हुनु भएर मलाई फोन उठाउन दिनु भएको हो । उहाँसँग कुरा गर्नु है ।' तर, डिएसपी कार्कीले रेस्पोन्स गरेनन् । जसकारण चोरीको आतंकबाट स्थानीय त्रसित भएको संवेनशील घटनामा प्रहरी गम्भिर नबनेको देखिन्छ । पीडित रावलले नागरिकलाई सुरक्षा दिने निकायहरु गैरजिम्मेवार ढंगबाट प्रस्तुत हुन नहुने बताउँछन् ।

# थप ४ जनामा कोरोना पुष्टि



हेटौंडा/मकवानपुरमा थप ४ जनामा कोरोना भाइरस संक्रमण पुष्टि भएको छ ।

आईतबार १२ जनामा परीक्षण गर्दा ४ जनामा कोरोना पुष्टि भएको हो । स्वास्थ्य कार्यालय मकवानपुरले पुष्टि हुनेहरुमा ३ जना मनहरी गाउँपालिका भित्रका र एक जना हेटौंडा उपमहानगरपालिका भित्रका रहेको जनाएको छ ।

जिल्लामा आईतबार थप ५ जना संक्रमित संक्रमण मुक्त भएको स्वास्थ्य कार्यालयले जनाएको छ । हाल १३ जना सक्रिय संक्रमित छन् ।

# १५ नम्बर वडाबाटै भत्ता दिइने

साझाकुरा संवाददाता

हेटौंडा, १९ भदौ/हेटौंडा उपमहानगरपालिकाको १५ नम्बर वडाले अब वडा कार्यालयबाटै सामाजिक सुरक्षा भत्ता उपलब्ध गराउने भएको छ ।

नगरको विकट क्षेत्रसमेत समेटिएको १५ नम्बर वडाले वडाबासीलाई बजारस्थित बैंकसम्म पुगेर भत्ता लिन कठिनाई हुने भएकोले वडाबाटै भत्ता दिने प्रबन्ध मिलाएको हो ।



बैंकहरुमा बिहानैदेखि लाइन लागेर भत्ता लिनुपर्ने बाध्यता छ । वडा कार्यालयले हेटौंडास्थित रहेको सेन्चुरी कमर्सियल बैंकमा सेवा ग्राहीको खाता खोलेर वडाबाटै वितरणको प्रबन्ध गरेको वडाध्यक्ष सुनिल मोक्तानले जानकारी दिए ।

खाता खोल्न वडा कार्यालयमा यथाशीघ्र सम्पर्क राख्न वडा कार्यलयले अनुरोध गरेको छ ।

# हेटौंडा अस्पताल नयाँ भवनबाट सञ्चालन

साझाकुरा संवाददाता

हेटौंडा, १९ भदौ/पुरानो अस्पताल भवनबाट सेवा प्रदान गर्न अप्ठेरो भइरहेको बताउँदै आएको हेटौंडा अस्पताल प्रशासनले नयाँ भवनबाट सेवा सुरु गरेको छ ।

बागमती प्रदेशको राजधानी हेटौंडाको एक मात्रै सर कारी अस्पताल हेटौंडा अस्पताल आजबाट नयाँ भवनबाट सञ्चालनमा आएको छ । भौतिक पूर्वाधारको अभावमा गुणस्तरिय सेवा प्रवाहमा समस्या झेल्दै आएको अस्पतालले आइतबारबाट नयाँ भवनबाट पनि सेवा सञ्चालन गरेको हो । अस्पतालको पुरानो भवनको अगाडिपट्टि निर्मित नयाँ भवनमा ईमर्जेन्सीसहितका ७० शैय्या रहेको अस्पतालको मेडिकल सुपरिटेण्डेण्ट डा.रामचन्द्र सापकोटाले जानकारी दिए । अस्पतालको क्षमताभन्दा धेरै चाँप हुँदा गुणस्तरिय सेवा प्रभाहमा समस्या हुँदै आएको थियो ।



तर, आइतबारबाट नयाँ भवनमा पनि सेवा सुचारु गरिएपछि सेवा प्रवाहमा सहज भएको उनको भनाई छ । नयाँ भवनमा हाल ईमर्जेन्सी र फार्मेसी मात्रै सञ्चालन गरिएको छ । करिव ३० करोड रुपैयाँमा भवन तयार भएको बताए । अस्पतालको नयाँ भवनमा सेवा विस्तार गर्नका लागि मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान हेटौंडाले डेढ सय कर्मचारी माग गरेको छ । प्रतिष्ठानले आइतबार नै १ सय ४९ जना कर्मचारीहरु माग गरेको हो । सेवा विस्तारका लागि थप जनशक्ति आवश्यक परेकाले १ सय ४९ जना कर्मचारी माग गरिएको मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानका रजिष्टार तथा हेटौंडा अस्पताल विकास समितिका अध्यक्ष राजेश प्रसाईंले जानकारी दिए ।

जनशक्ति अभावको समस्या झेल्दै आएको अस्पतालमा नयाँ भवनबाट सेवा विस्तार गरेपछि थप सहज हुने अस्पताल सञ्चालन समितिका सदस्य उत्सव चौलागाईले बताए । हेटौडा अस्पतालको नयाँ भवनबाट सेवा सुचारु गर्न लोक सेवा आयोगबाट पदपुर्ती नभएसम्मको लागि करार मा कर्मचारी माग गरिएको जनाइएको छ । प्रतिष्ठानले सबैभन्दा बढी स्टाफ नर्समा ४५ जना, हाउस अफिसरमा १५ जना, हेल्थ असिस्टेन्ट र डाटा इन्ट्री तथा क्यासियरमा ११-११ जना जना माग गरेको छ ।

# राष्ट्रिय भेट्रान्स फुटबल प्रतियोगितामा क्वाटर फाईनलको खेल हुँदै

साझाकुरा संवाददाता

हेटौंडा/हेटौंडा- ७ नागस्वतीमा जारी नागस्वती राष्ट्रिय भेट्रान्स फुटबल प्रतियोगिताअन्तर्गत आज सोमबारबाट क्वाटर फाईनलको खेल हुँदैछ ।

सोमबारबाट सुरु हुने क्वाटर फाईनलको खेलमा ६ वटा प्रतिष्पर्धा हुनेछ । सोमबार बिहान ७ बजे नागश्वती भेट्रान्स बि र वीरगंज एकेडेमी भेट्रान्स बिच हुनेछ भने दोश्रो खेल बिहान ८ बजे हेटौडा भेट्रान्स र बगरभाई खलक भेट्रान्स पोखरा बीच हुनेछ । सोमबार तेश्रो खेलमा बिहान ९ बजे चितवन भेट्रान्स र जोरपाटी भेट्रान्स भीड्ने छन् । दिउसो २ बजे हुने चौथो खेलमा अभिषेक चर्च भेट्रान्स नवलपरासी र सानो गौचरण नाईटकिंग क्लव भेट्रान्सबीच प्रतिष्पर्धा हुने जनाइएको छ । यस्तै पाचौ खेल दिउँसो ३ बजे नागश्वती भेट्रान्स ए र ठमेल चियापप भेट्रान्स बिच हुने तालिका रहेको छ भने अन्तिम तथा छैटौ खेल हेटौडा भेट्रान्स र बगरभाई भेट्रान्सको विजयी टिमसँग थापा गाँउ भेट्रान्सले खेल खेल्ने जनाइएको छ । सोमबारबाट क्वाटर फाईनल खेल सुरु हुने बताईएको छ ।

यसअघि हिजो आईबार ४ वटा खेलहरु भएका थिए । आइतबार बिहान भएको पहिलो खेलमा भुटनदेवी भेट्रान्सलाई १-० गोलले हराउँदै हेटौंडा भेट्रान्सले विजयी सुरुवात गरेको थियो । हेटौंडा भेट्रान्सको जीतको लागि अजय मानन्धरको गोल नै निर्णायक बन्यो । दोश्रो खेलमा काल भैरव भेट्रान्स हेटौडाले अभिषेक चर्च भेट्रान्स नवलपरासीसँग २-० हार ब्यहोरेको छ । खेलमा अभिषेकचर्च भेट्रान्सका तर्फबाट जर्सी नम्बर १० का मनोज लामाले २६ औ मिनेट र २९ औ मिनेटमा जर्सी नम्बर १५ का तोयाराम भुजेलले अर्को एक गोल गर्दै टिमलाई जीत दिलाएका थिए । खेलको म्यान अफ दि म्याच अभिषेकचर्च भेट्रान्सका तोयाराम भुजेल भए । आईतबार को तेश्रो खेलमा कोटेश्वर ११ भेट्रान्स र सिमरा भेट्रान्सबीचको खेल रोमाञ्चक बनेको थियो । कोटेश्वर ११ भेट्रान्स ४-२ गोलअन्तरले विजयी भयो । खेलको १३ औ मिनेटमा कोटेश्वर ११ भेट्रान्सका जर्सी नम्बवर ८ का हरिहर थापाले पहिलो गोल गरेका थिए । खेलको ३८ औ मिनेटमा कोटेश्वरका तर्फबाट जर्सी नम्बर ११ का नारायण कार्कीले अर्को गोल थपे । अन्तिम समयमा जर्सी नम्बर १० का शशी रिमालले गोल थप्दै टिमलाई बिजयी बनाए । खेलमा सिमारा भेट्रान्सका तर्फबाट जर्सी नम्बर ३७ का गोपीराम भटले १४ र १७ मिनेटमा २ गोल गर्न सफल भएका थिए । खेलको म्यान अफ दि म्याच कोटेश्वर भेट्रान्सका हरीहर थापा घोषित भए ।

आईतबारको चौथो खेलमा ठमेल चिया पप भेट्रान्स बिजयी भयो । वीरगञ्ज सिटी भेट्रान्सलाई ४-० गोलअन्तरले हराउदै ठमेल चिया पप भेट्रान्स बिजयी भएको हो । खेलको ९ औ र २१ मिनेटमा सुरज कार्कीले दुई गोल गरेका थिए । ३६ औ र ४० औ मिनेटमा लक्ष्मी याकाले २ गोल गर्दै टिमलाई बिजयी बनाउन सफल भएका थिए । खेलको म्यान अफ द म्याच लक्ष्मी याका घोषित भए । आईतबारको पहिलो खेल चितवन भेट्रान्स र जोरपाटी भेट्रान्स बीच बर्षातका कारण रोकिएका कारण सो खेल सोमबार बिहान ९ बजे हुने आयोजकले जनाएको छ । खेलमा विधागत नगद पुरस्कार तथा खेल अवधिभर उत्कृष्ट खेल्ने एकजना खेलाडीलाई ५० हजार नगद पुरस्कार रहेको आयोजकले जनाएको छ । प्रतियोगितामा देशभर का ४० वर्ष माथी उमेर समूहका पुर्व राष्ट्रिय खेलाडीहरुको १७ समुहको सहभागिता रहेको छ ।

**Hotel Smarak**
Heartily Hospitality

## कर्मचारी आवश्यकता

हेटौंडा-११, नवलपुर मा रहेको सहिद स्मारक पार्क नजिकै स्थित नयाँ भवन (होटल स्मारक) को लागि कर्मचारी आवश्यकता परेकोले निम्न पर्दहरुको लागि आफ्नो बायोडाटा ईच्छुक व्यक्तिले निम्न ईमेलमा निवेदन दिन सक्नु हुनेछ ।

**कर्मचारी आवश्यकता पदहरु :**

- फ्रण्ट अफिस सुपरभाईजर - १
- फ्रण्ट अफिस असिसटेन्ट - २
- हाउस कीपी सुपरभाईजर - १
- किचेन सेफ दि पार्टी - १
- कुक - ५
- डिस वासर - ३
- एफ एण्ड वी सुपरभाईजर - १
- एफ एण्ड वी वेटर (पुरुष, महिला) - ३
- एकाउण्टेन्ट - १
- स्टोर किपर - १

Email: hotelsmarak123@gmail.com

## सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

**सेवाहरू:**

- कार वास भित्र/बाहिर
- वाइरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक बेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

## पसल बिक्रीमा
स्कुलरोडमा चालु अवस्थामा रहेको अति व्यस्त कपडा पसल विशेष कारणले बिक्रीमा ।
**फोन नं.: ९८४५४८७२३२**

## के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?
Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark
टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।
एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।
**Printer Shop**
*The complete office solution*
*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

**HETAUDA CITY HOSPITAL PVT.LTD.**
*Hetauda-1, Sub-metropolitan*
***Phone: 057-520315***

## VACANCY ANNOUNCEMENT

Our Organization is seeking Applications from Qualified, Energetic and Experienced Candidates for the Following Designations.

| S.No. | Designation | No. | Salary (Rs) | Min. Qualifications |
|---|---|---|---|---|
| 1 | Staff Nurse | Few | Negotiable | PCL/NHPC registered |
| 2 | CMA/ANM | Few | Negotiable | TSLC |
| 3 | Receptionist | Few | Negotiable | +2 completed |

Experience, Performance, Dedication and Professionalism will be taken into consideration Interested individuals are to submit their update curriculum vitae with in 10 days of the first publication of this notice.

**प्रोपाईटर**: बिनोद शाही ☎ ९८४५०२२५३१, ९८१७२२४३६२



## विक्की फ्रेस मिट शप
हेटौंडा-२, चौकीटोल



हामीकहाँ लोकल तथा ब्रोइलर कुखुराको मासु, खसीको मासु, बंगुरको मासु, राँगाको मासु पाउनुको साथै जीउँदो माछा पनि पाईन्छ ।

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना